तिलाठी कोईलाडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तिलाठी, सप्तरी
प्रदेश नं. २, नेपाल

Email ID:
tilathikoiladigp@gmail.com

प.सं. :- ०७७/०७८
च.नं. :- २४९

मिति : २०७७/०५/३०

खाँडो खोलाको दुवै बाँध भित्रको विवादित जग्गाका जग्गाधनीहरुको लागि अनुदान सम्बन्धी आवेदन पेश गर्ने बारे सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/०५/३० गते)

उपरोक्त सम्बन्धमा तिलाठी कोइलाडी गाउँपालिकाको चौथो गाउँ सभाबाट खाँडो खोलालाई सिधा हुने गरी निर्माणाधिन पूलसम्म लैजान (हाल बगिरहेको ठाउँ र साबिकको धारको बीच भागमा पर्ने नम्बरी जग्गा (विवादित जग्गा) को उचित राहत/मुआब्जाका लागि गाउँपालिकाबाट संघीय सरकार, प्रदेश सरकार, संघीय साँसद तथा प्रदेश सभा सदस्यहरुसँग छलफल गरी संघ तथा प्रदेश सरकारसँग उचित राहत/मुआब्जा दिलाउन गाउँपालिकाले प्रयास गर्ने तथा उक्त विवादित नम्बरी जग्गाको लागि गाउँपालिकाबाट त्यस्ता जग्गाधनीहरुलाई कृषि कार्य/पशुपालन कार्यका लागि दामासाही हिसाबले प्रति कठ्ठा अनुदान सहयोग उपलब्ध गराइने भनी निर्णय भएको हुँदा सो निर्णय बमोजिम यो सूचना प्रकाशित गरिएको हो । उक्त निर्णय बमोजिम त्यस्ता जग्गाधनीहरुलाई आफूले गर्ने कृषि कार्य/पशुपालन कार्यहरुको विवरण, जग्गाधनी पूर्जा, जग्गाको ट्रेस नक्सा र नागरिकताको प्रमाणित प्रतिलिपीसहित गाउँपालिकाको कार्यालयमा सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निवेदन दिनु हुन जानकारी गराइन्छ । समयभित्र पेश नगरेको निवेदनमाथि कुनै कारबाही हुने छैन । अन्य जानकारीको लागि गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

२०७७/०५/३०

केशव कुमार झा
प्रमुख प्रशासकीय अधिकृत